# मिडिया विकास कोष नीति

(परिमार्जन - २०६६)

१. **परिचय/पृष्ठभूमि** :

मिडियालाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी नेपाली पत्रकारिता क्षेत्रको समुचित विकासका लागि खासगरी काठमाडौं उपत्यका बाहिरका विभिन्न सञ्चार माध्यमहरुलाई सहायता प्रदान गर्ने उद्देश्यले मिडिया विकास कोषको स्थापना भएको हो । प्रेस काउन्सिल ऐन २०४८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी प्रेस काउन्सिलले नेपाल सरकारको स्वीकृति लिई प्रेस काउन्सिल मिडिया विकास कोष उपसमितिको विनियम बनाई सोही विनियम बमोजिम कार्य गर्दै आइरहेको छ ।

२. **कोषको व्यवस्था** :

नेपाल सरकारबाट १ करोड ५० लाख र डेनिस सरकारबाट १ करोड ५० लाख सहयोग गरी जम्मा ३ करोड अक्षय कोष स्थापना गरी प्राप्त व्याजबाट सञ्चार माध्यमहरुलाई अनुदान सहयोग गरिदै आएको छ ।

३. **संरचना** :

स्थापनाकालदेखि परियोजनाका रुपमा संचालनमा रहेको कोषमा काउन्सिलका ४ जना कर्मचारीहरुलाई प्रोजेक्ट मेनेजर, प्रोजेक्ट एसिस्टेन्ट, एकाउन्टेन्ट र कार्यालय सहयोगीको रुपमा नियुक्त गरी तोकिएको प्रोजेक्ट भत्ता उपलब्ध गराई कार्य सञ्चालन गरिदै आएकोमा डेनिस सरकारबाट सञ्चालन खर्च उपलब्ध गराउन छाडिएपछि काउन्सिल अन्तरगत नियमित कार्यका रुपमा सञ्चालन गरिदै आएको छ ।

४. **मिडिया विकास कोष उपसमितिको गठन प्रक्रिया (स्वीकृत विनियमानुसार)** :

| | |
|---|---|
| क) अध्यक्ष, प्रेस काउन्सिल | अध्यक्ष |
| ख) अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ग) सदस्य सचिव, प्रेस काउन्सिल | सदस्य |
| घ) नेपाल प्रेस इन्स्टिच्यूट प्रतिनिधि | सदस्य |
| ङ) उपसमितिले कारोवार गरेको व्यावसायिक बैंकको प्रतिनिधि | सदस्य |
| च) प्रशासन प्रमुख, प्रेस काउन्सिल वा काउन्सिलले तोकेको अन्य व्यक्ति | सदस्य-सचिव |

५. **कोषको सञ्चालन** :

काउन्सिलका सदस्य-सचिव र लेखा अधिकृतको सयुक्त दस्तखतबाट सञ्चालन हुदै आएको छ ।

६. **मिडिया विकास कोष उपसमितिका कार्यहरु** :

क) उपसमितिको सम्पूर्ण प्रबन्ध, रेखदेख, निरीक्षण तथा नियन्त्रण गर्ने र सामान्य व्यवस्थापकीय अधिकार प्रयोग गर्ने ।

ख) उपसमितिको प्रतिनिधित्व गर्ने, उपसमितिको तर्फबाट सम्झौता, लेखापढी र उपसमितिको हित संरक्षणका लागि सबै कार्य गर्ने ।

ग) कोषको सञ्चालन गर्ने र उपयुक्त व्यवस्थाद्वारा आय आर्जन हुन सक्ने गरी लगानी गर्ने साथै आर्जित आय समेत उपसमितिको उद्देश्यको प्रयोजनका लागि प्रयोग गर्ने ।

घ) उपसमितिको लागि कर्मचारी नियुक्ति गर्ने र तिनीहरुको सेवाको शर्त तोक्ने ।

ङ) उपसमितिको हितका लागि वा उपसमितिको उद्देश्य प्राप्तिका लागि आवश्यक देखिएका पदाधिकारीको व्यवस्था गर्ने ।

च) संचार माध्यमलाई सहयोग पुऱ्याउनका लागि आवश्यक मापदण्ड वा नियम बनाउने ।

छ) आफ्नो अधिकार कुनै पदाधिकारी वा समितिलाई प्रत्यायोजन गर्ने ।

७. **कोषको नीति** :

मिडिया विकास कोष उपसमितिले काउन्सिलको स्वीकृतिमा समयानुकुल नीतिको तर्जुमा गर्ने एंव परिमार्जन गरी कार्यान्वयन गर्दै आइरहेको छ ।

८. **परिमार्जनको आवश्यकता** :

देश अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गरिसकेको अवस्थालाई मध्यनजर गरी १४ वर्ष अघि स्थापना भएको यस कोषको नीति, क्षेत्र, प्रकियामा सञ्चार माध्यमको हालको परिवेश अनुसार परिमार्जन गर्न आवश्यक महशुस गरिएकोले परिमार्जन गरिएको छ ।

९. **उद्देश्य** :

मिडिया विकास कोषको प्रमुख उद्देश्य पत्रकारिता क्षेत्रको विकासमा सहयोग पुऱ्याउनु रहेको छ । यसको तत्कालीन उद्देश्य उपत्यकाबाहिर रहेका मुद्रण एवं विद्युतीय संचार माध्यमको समुचित विकासका लागि बैंक ऋणमा व्याज अनुदान दिनु, संचारकर्मीले प्रयोग गर्ने संचार साधनमा विशेष अनुदान दिनु तथा पत्रकार महासंघ जिल्ला शाखाहरुमा संचार केन्द्र स्थापना गर्नु रहेको छ भने दीर्घकालीन रुपमा यसले व्यावसायिक पत्रकारिताको संस्थागत विकासमा सहयोग गर्नु रहेको छ ।

१०. **सहयोग गर्ने क्षेत्र** :

परिवर्तित सन्दर्भमा मिडिया विकास कोषले पत्रकारिताको विकासका निम्ति पत्रपत्रिका तथा विद्युतीय संचारसंग सम्वन्धित विभिन्न संस्था र व्यक्तिलाई उनीहरूले लिने बैंक ऋणमा दिइने व्याज अनुदान तथा अन्य अनुदान सहयोग गर्नेछ । सहयोगका क्षेत्रहरू देहाय अनुसार रहेका छन् :-

क). पत्रपत्रिकाको निम्ति अफसेट प्रेस खरिद गर्न,

ख). सामुदायिक रेडियो (एफ एम स्टेशन) स्थापनार्थ प्रयोग हुने उपकरणहरू खरिद गर्न,

ग). सामुदायिक टेलिभिजन स्थापनार्थ उपकरणहरु खरिद गर्न

घ). नेपाल पत्रकार महासंघका शाखाहरूले सञ्चालन गर्ने सञ्चार केन्द्रको निम्ति आवश्यक पर्ने उपकरणहरू खरिद गर्न ।

ङ). पत्रकारहरूलाई क्यामरा, कम्प्युटर, फोनसहितका संचार साधन खरिद गर्न ।

च). समूहगत रुपमा पत्रकारिता सम्बन्धी तालिम लिन चाहनेहरुलाई सहयोग गर्ने ।

छ). स्नातकोत्तर अध्ययनरत ग्रामिण विकास तथा पत्रकार आचार संहिताका विषयमा सोधपत्र (थेसिस) लेख्नका लागि प्रस्ताव आएमा वर्षमा एकजना पत्रकारिता क्षेत्रका विद्यार्थीलाई सहयोग गर्ने ।

ज). सञ्चालनमा रहेका सामुदायिक एफएमहरुले क्षमता अभिवृद्धि गरी सोका लागि आवश्यक थप उपकरण खरिदका लागि व्याज अनुदान प्रदान गर्ने ।

झ) सरकारबाट घोषित सहिद परिवार, दलित, महिला, अपाङ्ग, पिछडिएको वर्ग, लोपोन्मुख समुदाय वा पत्रकारहरुले संचालन गरेका सञ्चार माध्यमहरुलाई सहयोगका लागि प्राथमिकता दिइने छ ।

## ११. अवलम्वन गर्ने नीतिहरू :

क) अफसेट प्रेस, विद्युतीय सञ्चार माध्यम (सरकारद्वारा स्वीकृत प्राप्त सामुदायिक रेडियो, टेलिभिजन) निम्ति व्याज अनुदान उपलब्ध गराइने ऋण रकम अधिकतम रु.१५ लाखसम्मको हुनेछ। तर संचालनमा रहेका सामुदयिक एफएमले क्षमता अभिवृद्धि गरी थप उपकरण खरिद गर्नका लागि लिएको ऋण रकम दुर्गम जिल्लाका लागि ८ लाख र अन्य जिल्लाका लागि ६ लाख हुनेछ ।

ख) ऋणको समयावधी ६ वर्षको हुनेछ। अर्थात् सो अवधिसम्मका लागि बैंकलाई साँवाको किस्ता तिरेको आधारमा मात्र ब्याज अनुदान दिइने छ। सबै प्रकारको अनुदान १० प्रतिशत रहनेछ ।

ग) काठमाडौं उपत्यका वाहिरका नेपाल पत्रकार महासंघका शाखाले स्थापना गर्ने सञ्चार केन्द्रको निम्ति आवश्यक उपकरण खरिदका लागि बढीमा रु. १ लाख ५० हजारसम्म आर्थिक सहयोग उपलब्ध गराईने छ। संचारकेन्द्र स्थापनाका लागि दिएको अनुदान सहयोग दुरुपयोग हुन नदिन नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको सिफारिश र जिम्मामा उपलव्ध गराइनेछ ।

घ) फोटो पत्रकारहरुलाई २ लाखसम्मको उपकरणहरू खरिद गर्न १० प्रतिशत अनुदान बरावरको रकम एकमुष्ठरुपमा उपलव्ध गराईने छ ।

ङ) पत्रकार आचार संहिता उल्लघंनको कारवाहीमा परेको २ वर्ष पुरा नभएका संचार माध्यमहरुलाई व्याज अनुदान उपलव्ध गराइने छैन ।

च) बैंक ऋणको निम्ति मिडिया विकास कोष बैंक जमानी बस्ने छैन ।

छ) यो सहयोग काठमाडौं उपत्यका बाहिरका जिल्लाहरुमामात्र लागु हुनेछ ।

ज) ब्याज अनुदानको लागि कोषको सचिवालयमा आवश्यक विवरणहरु सहित निवेदन दिनुपर्नेछ ।

झ) सहयोगका लागि कोषबाट सैद्धान्तिक स्वीकृति लिनु पर्छ ।

ञ) अनुदान सहयोग माग गर्ने सञ्चार माध्यमहरुमा श्रमजीवी पत्रकार ऐन लागू भएको हुनु पर्नेछ ।

ट) एउटै जिल्लाका एकभन्दा बढी रेडियो वा अफसेट प्रेसलाई एक आ.व. मा सहयोग गरिने छैन । तर सहिद परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्गद्वारा सोही जिल्लामा रेडियो, प्रेस संचालन गर्न वा क्षमता अभिवृद्धि गरी थप उपकरण खरिद गर्न प्रस्ताव आएमा थप एकलाई व्याज अनुदान दिन सकिनेछ ।

ठ) सैद्धान्तिक सहमति पाएको ६ महिना भित्रमा बैंक ऋण लिई सामान खरिद नगरेमा सहयोग प्रक्रिया बन्द गरिनेछ ।

१२. **सहयोग उपलब्ध गराउने प्रक्रिया** :

अ) **अफसेट प्रेस स्थापनार्थ लिने ऋणमा** :

क). अफसेट प्रेस स्थापनाको निम्ति लिइने बैक ऋणमा व्याज अनुदान सहयोग माग गरी निवेदन दिने प्रकाशन संस्था वा प्रकाशकले आफूले आयोजनामा लगानी गर्न चाहेको रकम, आयोजना पूरा गर्न लाग्ने खर्च, आयोजनाको सञ्चालन पछि प्राप्त हुने खुद नाफा, साँवा तथा व्याज भुक्तानी गर्ने योजना, वैंकमा प्रस्तुत गरेको विस्तृत विवरण सहितको प्रस्ताव र खरिद गरिने मालसामानको कोटेशन निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

ख). व्याज अनुदान सहयोग माग गरी निवेदन दिने संचार माध्यम नियमित प्रकाशित/ प्रसारित भएको हुनुपर्नेछ ।

ग) अनुदान सहयोग दिनका लागि उपकरण खरिद गरे नगरेको स्थलगत निरिक्षण गरी गराई प्रतिवेदनका आधारमा र खरिद गरेका सामानको विलभरपाई अनुसार स्वीकृत रकममा नबढाई व्याज अनुदान दिइनेछ ।

घ). मालसामान खरिद गरिसकेपछि सोको विलभरपाईहरु कोष समक्ष पेश गर्नुपर्नेछ ।

१३ **विद्युतीय सञ्चार माध्यम (सामुदायिक रेडियो,टेलिभिजन) स्थापनार्थ लिने ऋण रकममा** :

क). विद्युतीय सञ्चार माध्यम (सामुदायिक रेडिया, टेलिभिजन) स्थापनाका निम्ति नियमानुसार दर्ता भएका संस्थाले सहयोग माग गर्न सक्नेछन् ।

ख). विद्युतीय सञ्चार माध्यम स्थापनाको निम्ति सहयोग माग गर्ने संस्थाका सञ्चालकहरू मध्ये कम्तीमा पनि ५१% सदस्यहरू पत्रकार हुनु पर्नेछ । सवै सञ्चालकहरूको वैयक्तिक विवरण र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि समेत निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

ग). संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि सहित संस्थाको उद्देश्य तथा कार्यक्षेत्र किटान गरिएका कागजातहरू निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।

घ). सामुदायिक विकास, वातावरण, शिक्षा, स्वास्थ्य, संस्कृति एवं जन चेतना अभिवृद्धि तथा राष्ट्रियता, राष्ट्रिय अखण्डता र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणमा योगदान पुग्ने सूचनामूलक सामाग्री आदिलाई प्राथमिकता दिने तथा सामुदायिक हितलाई प्रवर्द्धन गर्ने र व्यापारभन्दा सेवाको उद्देश्यबाट सञ्चालन हुने गरी दर्ता भएका विद्युतीय सञ्चार माध्यमलाई कोषले सहयोग उपलब्ध गराउने छ ।

ङ). बैक ऋणमा व्याज अनुदान सहयोग माग गरी निवेदन दिने संस्थाले आंफूले आयोजनामा लगानी गर्न चाहेको रकम, आयोजना पुरा गर्न लाग्ने खर्च, आयोजनाको सञ्चालन पछि प्राप्त हुने खुद नाफा, साँवा तथा व्याज भुक्तानी गर्ने योजना, वैंकमा प्रस्तुत गरेको विस्तृत विवरण सहितको प्रस्ताव र खरिद गरिने मालसामानको कोटेशन निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

च)	अनुदान सहयोग दिनका लागि उपकरण खरिद गरे नगरेको स्थलगत निरिक्षण गरी गराई प्रतिवेदनका आधारमा र खरिद गरेका सामानको विलभरपाई अनुसार स्वीकृत रकममा नबढाई व्याज अनुदान दिनेछ ।

छ).	मालसामान खरिद गरिसकेपछि सोको विलभरपाईहरु कोष समक्ष पेश गर्नुपर्नेछ ।

**१४. सञ्चार केन्द्रको निम्ति आवश्यक पर्ने उपकरणहरुमा अनुदान :**

क).	काठमाडौं उपत्यका वाहिरका पत्रकार महासंघ जिल्ला शाखाद्वारा सञ्चालन गरिने सञ्चार केन्द्रको निम्ति आवश्यक उपकरण खरिदका लागि कोषले अनुदान सहयोग उपलब्ध गराउनेछ ।

ख).	सञ्चार केन्द्र स्थापनाको निम्ति सम्वन्धित महासंघले कोष समक्ष निवेदन दिनुपर्नेछ ।

ग).	सञ्चार केन्द्रको निम्ति आवश्यक पर्ने उपकरणहरू (कम्प्युटर, प्रिन्टर र फ्याक्स लगायत) खरिद गर्न लाग्ने रकममध्ये ५०% रकम कोषले अनुदानस्वरुप उपलब्ध गराउने र ५०% रकम सम्वन्धित महासंघले जुटाउनु पर्नेछ ।

**१५. सहिद परिवार, दलित, महिला, अपाङ्ग, एकल महिला, लोपोन्मुख वर्ग, पिछडिएको वर्गले सञ्चालन गर्ने संचार माध्यमलाई सहयोग :**

क).	सहिदका परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्गले सञ्चालन गर्ने मिडयामा सहयोगका लागि सम्बन्धित निकायबाट परिचय खुल्ने आधिकारिक प्रमाण पेश गर्नुपर्नेछ ।

ख).	सञ्चार माध्यम नियमितरुपमा प्रकाशित/प्रसारित भएको हुनुपर्नेछ ।

ग).	बैक ऋणमा व्याज अनुदान सहयोग माग गरी निवेदन दिने सञ्चार माध्यमहरुले आयोजनामा लगानी गर्न चाहेको रकम, आयोजना पुरा गर्न लाग्ने खर्च, आयोजना सञ्चालन पछि प्राप्त हुने खुद नाफा, साँवा तथा व्याज भुक्तानी गर्ने तालिका, वैंकमा प्रस्तुत गरेको विस्तृत विवरण सहितको प्रस्ताव र खरिद गरिने मालसामानको कोटेशन निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

घ).	मालसामान खरिद गरिसकेपछि सोको विलभरपाइहरु कोष समक्ष पेश गर्नुपर्नेछ ।

**१६ फोटो पत्रकार तथा पत्रकारहरूलाई सहयोग :**

क).	पत्रकारहरुलाई डिजिटल क्यामेरा, टेलिफोन जडान र कम्प्युटर खरिद गर्न कोषले सहयोग गर्नेछ ।

ख).	यस्तो सहयोग निजले लिएको बैंक ऋणमा अथवा व्यक्तिगतरुपमा सरसापट गरी उपकरण खरिद गरेमा पनि प्राप्त गर्न सक्नेछ ।

ग).	पत्रकारिता सम्वन्धी उपकरण खरिद गर्न चाहने पत्रकारले आफूले खरिद गर्न चाहेको उपकरणको कोटेशनसहित कोष समक्ष निवेदन दिनुपर्नेछ ।

घ).	सहयोग माग गर्ने पत्रकारले सम्वन्धित सञ्चार माध्यमको सिफारिस पत्र तथा सूचना विभागबाट जारी गरिएको फोटो पत्रकार परिचयको प्रतिलिपि समेत पेशगर्नु पर्नेछ ।

ङ). निवेदन प्राप्त भएपछि आवश्यक छानवीन गरी पत्रकारलाई १ लाख र फोटो पत्रकारलाई २ लाखसम्मको उपकरणमा १० प्रतिशत अनुदान सहयोग उपलब्ध गराइनेछ ।

च). अनुदान सहयोग प्राप्त गर्नको निम्ति निजले उपकरण खरिद गरेको सक्कल बिल कोष समक्ष पेश गर्नुपर्नेछ ।

छ). एकवर्षमा एक जिल्लाका एकभन्दा बढी पत्रकार/फोटो पत्रकारलाई अनुदान सहयोग गर्ने छैन । एक जिल्लाबाट धैरै निवेदन आएमा पहिलो दर्ता भएको निवेदनकर्तालाई सहयोग उपलब्ध गराइनेछ । तर सोही जिल्लाका सहिद परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्गद्वारा सहयोग माग गरी निवेदन आएमा थप एकलाई सहयोग गर्न सकिनेछ ।

**१७. समूहगत रुपमा पत्रकारिता सम्बन्धी तालिम लिन चाहनेहरुलाई सहयोग गर्ने :**

क). समुहगतरुपमा पत्रकारिता सम्बन्धी तालिम लिन चाहने काठमाडौं उपत्यका वाहिरका समूहले आवश्यक विवरणहरु संलग्न गरी कोष समक्ष निवेदन दिनु पर्नेछ । यस्तो समूहमा कम्तिमा ५ जिल्लाका पत्रकार सहभागी हुनेछन् । यस्तो तालिम पत्रकार महासंघको सहकार्यमा सम्पन्न गरिनेछ । तालिम वापतको ७५ प्रतिशतसम्मको रकम तालिम दिने मान्यता प्राप्त संस्थालाई एकमुष्ठरुपमा उपलव्ध गराईनेछ ।

ख) समूहमा कम्तीमा १० जना प्रशिक्षार्थीहरु समावेश हुनु पर्नेछ ।

ग). समूहगत तालिम वापतको सहयोग वर्षमा एकपटक मात्र गरिनेछ । यसरी दिइने अनुदान रु. ७५ हजारसम्मको हुनेछ ।

घ). देशका अति दुर्गम क्षेत्रका पत्रकारहरुले डेस्कटप पव्लिसिङ्ग, छपाई लगायत संचार माध्यमको व्यवस्थापन सम्बन्धी तालिम लिन चाहेमा कोषले त्यस्तो तालिम लिन चाहनेलाई तालिमका लागि लाग्ने खर्चमा ७५ प्रतिशत सम्म अनुदान दिनेछ । यसरी दिइने अनुदानको रकम १० हजारभन्दा माथि हुने छैन । यस्तो तालिम प्रत्येक आ.व.मा २ जना पत्रकारलाई मात्र दिइनेछ । तर सहिद परिवार, दलित, महिला, अपाङ्ग, लोपोन्मुख वर्ग, पिछडिएको वर्गद्वारा तालिमका लागि प्रस्ताव आएमा थप दुईजनालाई माथि उल्लेखित विषयको तालिमका लागि सहयोग गर्न सकिनेछ ।

**१८. ग्रामिण विकास तथा पत्रकार आचार संहिता विषयमा सोधपत्र लेखनमा सहयोग गर्ने :**

क) विश्वविद्यालयहरु अन्तरगत रहेको पत्रकारिता विषयक अध्ययन गर्ने पत्रकारिताका विद्यार्थीलाई स्नातकोत्तर तहमा ग्रामिण पत्रकारिता तथा पत्रकार आचार संहिता विषयमा सोधपत्र तयार गर्न २५ हजार रुपैयासम्म आर्थिक सहयोग उपलव्ध गराइने छ ।

ख). सोधपत्रका लागि सम्बन्धित क्याम्पसको सिफारिश पेश गर्नुपर्नेछ ।

ग). सहयोग गर्दा पत्रकारिता अध्ययनरत गरिब, जेहेन्दार, दलित, जनजाति,महिला एंव मधेशी विद्यार्थीहरुलाई प्राथमिकता दिइनेछ ।

घ). सोधपत्र लेखन सहयोग वर्षमा दुईजना विद्यार्थीलाई उपलव्ध गराइनेछ ।

ङ). निवेदनमा सोधपत्र सम्बन्धी कार्ययोजना र आवश्यक अनुमानित खर्च समेत पेश गर्नुपर्नेछ ।

**१९. सञ्चालनमा रहेका एफएमहरुलाई क्षमता अभिवृद्धि गरी थप उपकरण खरिदका लागि व्याज अनुदान प्रदान गर्न :**

क). विद्युतीय सञ्चार माध्यम नियमित रुपमा सञ्चालन भएको हुनु पर्दछ ।

ख). संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, क्षमता वृद्धि गएिको प्रमाण सहित संस्थाको उद्देश्य तथा कार्यक्षेत्र किटान गरिएका कागजातहरू निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।

ग). कोषबाट सैदान्तिक स्वीकृत पश्चात बैंकसंग ऋण लिएको रकम, सम्झौता पत्र, बैंक स्टेटमेन्ट आदि विवरण पेश गर्नु पर्दछ ।

**२०. व्याज अनुदान कसरी माग गर्ने ?:**

व्याज अनुदान माग गर्दा निम्नलिखित कुराहरूको पूर्ण विवरण उल्लेख गरी मिडिया विकास कोषको सचिवालयमा निवेदन दर्ता गराउनुपर्नेछ :-

(क) कम्पनी वा पत्रिका दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कम्पनी भए नविकरण गरिएको कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ग) कम्पनी (संस्था) को विधान, प्रवन्धपत्र तथा विनियमावलीको प्रतिलिपि, संचालक समितिको निर्णय,

(घ) बैंकसंग भएको पत्राचार वा बैंकमा पेश गरिएको प्रस्तावना र अन्य सम्पूर्ण कागजातहरू,

(ङ) बैंकद्वारा स्वीकृत ऋण रकम र ऋण चुक्ता गर्ने समयावधी खुलेको पत्र,

(च) खरिद गरिने उपकरणहरूको निर्माता कम्पनी, क्षमता तथा मूल्य समेत उल्लेख गरिएको दरभाउ पत्र (कोटेशन),

(छ) कम्पनीको चुक्ता पूँजी, कामदारहरूको संख्या र बजार स्थिति,

(ज) कम्पनी वा पत्रिका घाटामा छ वा नाफामा चलेको छ सोको यथार्थ विवरण,

(झ) उद्यमी तथा प्रकाशकको अनुभव तथा योग्यता खुलाउने कागजातहरू,पुरानो कम्पनी भएमा त्यसको आर्थिक विवरण (Balance Sheet) पेश गर्नुपर्नेछ ।

ञ) प्रेस रजिस्टारको कार्यालयबाट श्रमजिवी पत्रकार ऐन (संशोधित २०६४ लागू भएको जानकारी सहित पत्र निवेदनसाथ संलग्न हुनु पर्नेछ ।